# अन्नपूर्ण गाउँपालिकामा हरियो वन कार्यक्रम

## गाउँपालिकाको परिचय

वि. सं. २०७३ फाल्गुन २७ गते गाउँपालिका घोषणा भएको अन्नपूर्ण गाउँपालिकाको क्षेत्रफल ४१७.७४ वर्ग कि. मी. रहेको छ भने कुल जनसंख्या २३,५६५ छ। ढिकुरपोखरी, भदौरे तमागी (१ र २), सल्यान, लुम्ले, दाङसिङ र घान्द्रुक गा. वि. स. मिलेर बनेको अन्नपूर्ण गाउँपालिका कुल ११ वडामा विभाजित छ। अन्नपूर्ण गाउँपालिकाको पूर्वी सिमानामा माछापुच्छे गाउँपालिका, पश्चिममा म्याग्दी जिल्ला, उत्तरमा मनाङ्ग जिल्ला तथा दक्षिणमा पर्वत जिल्ला र पोखरा महानगरपालिका रहेका छन्। गाउँपालिकाको अग्रणी व्यवसायहरुमा पर्यटन, कृषि र पशुपालन रहेका छन्। नौडाँडा, काँडे, नयाँपुल, बिरेठाँटि र स्याउलि बजार यस गाउँपालिकाका मुख्य बजार क्षेत्रहरु हुन्। मुख्य पर्यटकीय क्षेत्रमा अन्नपूर्ण आधार शिविर, माछापुच्छे आधार शिविर, घोडेपानी, घान्द्रुक, पन्चासे, इशरु, हिड्ने ताल, नसिखर्क रहेका छन्। राष्ट्रिय सडकको लम्बाई जम्मा २४ कि.मि., जिल्ला सडकको लम्बाई जम्मा ५८.५२ कि. मि., र गाउँपालिका स्तरीय सडक समेत गरी कुल लम्बाई करिब २३७.४१ कि.मि. सडक यस गाउँपालिका भित्र रहेका छन्।

अन्नपूर्ण गाउँपालिकाको आ.व. ०७६।७७ को गाउँ सभाबाट नीति योजना तथा कार्यक्रम र बजेटले आफ्नो क्षेत्र भित्र सडक, शिक्षा, कृषि, भेटनरी, पर्यापर्यटन, तथा सीपमुलक तालिमहरुमा विशेष जोड दिएको छ। गाउँपालिकाले एकिकृत बिकास योजना बनाई वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण, मानव संसाधन व्यवस्थापन, विपद् पूर्वतयारी जस्ता विषयहरुमा कार्यक्रमहरु लागु गरिरहेको छ। आमजनताको प्रत्यक्ष सहभागिताबाट योजना बनाई कार्यक्रमहरु लागु भएकाले सो कार्यक्रमहरुमा स्थानीय बासिन्दाहरुको अपनत्व रहेको छ भने हरियो वन कार्यक्रमले तिनै कार्ययोजनाहरुको सफल कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिरहेको छ।

## फेवा जलाधार जोगाउने अभियानमा गाउँपालिकाको भूमिका

अन्नपूर्ण गाउँपालिका वडा नम्बर १, २, ३ र ४ तथा पोखरा महानगरपालिकाका ६, १८, २२ र २३ नम्बर वडा फेवातालको जलाधार क्षेत्रमा पर्छन्। फेवाको पानीको मुख्य स्रोत यही क्षेत्रकै खहरे र खोला हुन्। दुई दशकयता फेवामा ती खोला-खहरेबाट पानीसँगै माटो र गेग्रान बगेर जाँदा ताल पुरिँदै गएको छ। करीब डेढ दशकअघि २३ मिटरसम्म गहिरो फेवाताल अहिले ८ मिटर मात्र गहिरो छ। पुरिँदै गएको ताल जोगाउन फेवाको उपल्लो क्षेत्रका बसोबास गर्ने यस गाउँपालिकाका बासिन्दाले आफ्नो कृषि प्रणालीमा नै परिवर्तन ल्याएका छन्। फेवातालको जलाधार संरक्षण र पोखराको सौन्दर्य जोगाइराख्न उनीहरूले भू-क्षय नियन्त्रणको उपायस्वरुप माटो नबग्ने खालका बालीहरु जस्तै कफी, कागती, अम्रिसो, अलैंची जस्ता लगाइरहेका छन्। फेवा ताल सहित नौवटा ताल (फेवा, बेगनास, रुपा, कमलपोखरी, खास्टे, न्युरेनी, दिपाङ, मैदी र गुँदे) को संरक्षणमा अन्नपूर्ण गाउँपालिकाले टेवा पुऱ्याइरहेको सन्दर्भमा समग्र पोखरा क्षेत्रकै अर्थतन्त्रलाई यस गाउँपालिकाको निकै ठूलो योगदान रहेको छ। अन्नपूर्ण गाउँपालिका तथा पोखरा महानगरपालिकाको समन्वयमा पुनर्गठन भएको फेवा जलाधार पारिस्थितिकीय प्रणाली व्यवस्थापन बोर्ड फेवा ताल क्षेत्रको संरक्षणमा एक नमूना कार्यक्रम साबित भइसकेको छ।

## अन्नपूर्ण गाउँपालिकामा हरियो वन कार्यक्रमको भूमिका

अमेरिकी विकास नियोग (युएसएआइडि) को सहयोगमा सञ्चालित हरियो वन कार्यक्रमको उद्देश्य नेपाली समुदाय र जैविक विविधतालाई लाभ पुऱ्याउनु हो। हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपाल, केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषसहित चार वटा संस्थाले संयुक्त रूपमा कार्यान्वयन गरिरहेका छन्।

कार्यक्रमको पहिलो चरण सन् २०११ मा सुरु भएर सन् २०१६ मा अन्त्य भएको थियो । पहिलो चरणका उल्लेखनीय उपलब्धि र सिकाईहरूलाई अवलम्बन गर्दै कार्यक्रमको दोस्रो चरण सन् २०१६ देखि नै सुरु भई ५ वर्षसम्मका लागि सञ्चालन भइरहेको छ । यस कार्यक्रमले चितवन अन्नपूर्ण भू-परिधि र तराई भू-परिधिमा काम गर्छ । यसका दुई कार्यक्षेत्र जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन रहेका छन् । यी दुई कार्यक्षेत्रभित्र बजारमा आधारित जीविकोपार्जन, सुशासन र लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रम पर्दछन् ।

हरियो वन कार्यक्रमले यस क्षेत्रमा आफ्नो पहिलो चरणदेखि नै कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । आदिवासी जनजातिहरु, विपन्न वर्ग तथा पिछडिएका समुदायहरुको बसोबास भएको यस गाउँपालिकामा हरियो वन कार्यक्रमले जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि सवालहरुलाई सम्बोधन गर्नका लागि विभिन्न कृयाकलापहरु सञ्चालन गर्दै आइरहेको छ। फेवातालमा भू-क्षय तथा थेग्रीकरण, वन्यजन्तु चोरी-सिकारी, अव्यवस्थित पूर्वाधार निर्माण, लैङ्गिक असमानता तथा सामाजिक बञ्चितिकरण, वन पैदावारको गैह्रकानुनी संकलन, अतिक्रमण, मानव-वन्यजन्तु द्वन्द्व आदि विषयहरुका समाधान तथा न्यूनीकरणका लागि साथै जीविकोपार्जन सुधार र प्राकृतिक श्रोत व्यवस्थापन समूहहरुमा सुशासन तथा समावेशीकरणका लागि अन्नपूर्ण गाउँपालिकामा कार्यान्वयन गरिएका विभिन्न कार्यक्रमहरुमध्ये केही मुख्य कार्यक्रमहरु निम्न रहेका छन्:

## जैविक विविधता संरक्षण

- समुदायिक वन कार्ययोजना नविकरण सहयोग-४ सा.व.उ.स

| क. स. | सा.व.उ.स | हे. क्षेत्रफल | घरधूरी |
|---|---|---|---|
| १ | तारेपहरो डम्ठि | ५५.५ | २५३ |
| २ | छरछहरे सुर्केखोला भिरगौडी | ६८.८३ | १५४ |
| ३ | लेवाडे ठाडीखोरीया | १९.१२ | ५७ |
| ४ | वनपाले | १६ | ११४ |
| | जम्मा | १५९.४५ | ५७८ |

- समुदायमा आधारित चोरी शिकार नियन्त्रण ईकाई गठन तथा परिचालन-५ सा.व.उ.स र १ स.क्षे.व्य.स

| क. सं. | समुदायमा आधारित चोरी शिकार नियन्त्रण ईकाइको नाम | प्राकृतिक श्रोत संरक्षण समूह | वडा | हरियो वन कार्यक्रमको सहयोग |
|---|---|---|---|---|
| १ | भदौरे देउराली | नौलो छरछरे | ४ | गठन तथा परिचालन |
| २ | भकरजुङ्ग | भकरजुङ्ग | ३ | गठन तथा परिचालन |
| ३ | लोसेपाखा | लोसेपाखा | ३ | गठन तथा परिचालन |
| ४ | वनपाले | वनपाले | ३ | गठन तथा परिचालन |
| ५ | ओख्ले | ओख्ले | २ | गठन तथा परिचालन |
| ६ | लुम्ले | लुम्ले संरक्षण क्षेत्र व्यवस्थापन समिति | ६,७ | गठन तथा परिचालन |

- १० सा.व.उ.स, १ महिला समूह र १ विद्यालयका खुल्ला तथा हैसियत विग्रेका क्षेत्रमा वृक्षारोपण- ८१.४५ हे.

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समूह | प्रजाति | हे. क्षेत्रफल | बिरुवाको संख्या |
|---|---|---|---|---|
| १ | अधेँरी खोला | अलैंची, चाँप | ३.९१ | ९,२०० |
| २ | भकरजुङ्ग | अम्रिसो, अलैंची | १०.५ | ३३,००० |
| ३ | वनपाले | अम्रिसो | १० | ११,००० |
| ४ | छरछहरे सुर्केखोला भिरगौडी | कफी, एभोकाडो, मेकेडेमिया, कागती, अम्बा, आँप | ३१.८२ | ५५,८०६ |
| ५ | तारेपहरो डम्ठी | अलैंची, खनियो, बाँस, चिया, अम्रिसो | १३.१८ | ७८,५३५ |
| ६ | गहतेपाखो | अम्रिसो, चाँप, तेजपात, कपूर, बडहर, राइखनियो, टाकी | २ | ३,०५० |
| ७ | लक्ष्मी सामुदायिक प्राथमिक विद्यालय | अम्रिसो, चाँप, तेजपात | ५ | ३,५०० |
| ८ | लोसेपाखा | चाँप, बडहर, राइखनियो, लप्सी, निबुवा, टाकी | १ | १,६०० |
| ९ | रानी | चिया | २.५ | २५,५०० |
| १० | सल्लेरी पाखा | चाँप | ०.५४ | ८६० |
| ११ | शिलशिला शक्ति समूह | चिया | १ | १२,००० |
| १२ | गहते तथा वनपाले | चाँप, तेजपात, कपूर, बडहर, राइखनियो | | १,४५० |
| | जम्मा | | ८१.४५ | २,३५,५०१ |

- अन्नपूर्ण गा.पा. स्थित वहुउदेश्यीय नर्सरी स्थापना र विरुवा उत्पादन सहयोग (१०,००० चाँपका, ५,००० लप्सीका विरुवा)
- घरपालुवा जनवारका लागि सुरक्षित खोरको निर्माण गरी मानववन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सहयोग
- सुधारिएको चुलो निर्माण सहयोग

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समूह | सुधारिएको चुलो निर्माणमा सहयोग गरिएका घरधूरी |
|---|---|---|
| १ | अधेँरी खोला | १०३ |
| २ | वनपाले | ११५ |
| ३ | भकरजुङ्ग | २०० |
| ४ | छरछहरे सुर्केखोला भिरगौडी | ३४७ |

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समूह | सुधारिएको चुलो निर्माणमा सहयोग गरिएका घरधूरी |
|---|---|---|
| ५ | घोवाङ्ग | ६२ |
| ६ | लोसेपाखा | ४७ |
| ७ | नौडाँडा | ५० |
| ८ | ओख्ले | १३३ |
| ९ | रानी नौलो छरछहरे | १३२ |
| १० | सुर्केखोला | ३७ |
| ११ | तारेपहरो डम्ठि | ३४३ |
| | जम्मा | १,५६९ |

## जलवायू परिवर्तन अनुकुलन

- लापा तथा कापा निर्माण र कार्यान्वयन सहयोग

### लापाः

| क्र. सं. | लापाको नाम | घरधूरी | संकटासन्न घरधूरी | वडा |
|---|---|---|---|---|
| १ | लापा, दानसिं | ७७५ | ७७५ | ८,९ |
| २ | लापा, घान्द्रुक | ९४५ | ९४५ | १०,११ |
| ३ | लापा, लुम्ले | १०४२ | १०४२ | ६,७ |
| ४ | लापा, सल्यान | ८७७ | ८७७ | ४,५ |

### कापाः

| क्र. सं. | कापाको नाम | घरधूरी | संकटासन्न घरधूरी | वडा |
|---|---|---|---|---|
| १ | कापा, अधैंरी खोला | १०३ | १०३ | ३ |
| २ | कापा, सल्लेरी पाखा | ४२ | ३८ | ४ |
| ३ | कापा, नौलो छरछहरे | २१४ | ९९ | ४ |
| ४ | कापा, भकरजुङ्ग | १३२ | १५ | ३ |
| ५ | कापा, छरछहरे सुर्केखोला भिरगौडी | १४६ | ३९ | १ |

## वजारमूखी जीविकोपार्जन

- साना उद्यम (आयआर्जन घुम्ती कोष र सीपमूलक तालिम)
- वनमा आश्रित व्यक्ति, विपन्न व्यक्तिहरुलाई सीपमूलक तालिम प्रदान

| क्र. सं. | प्राकृतिक श्रोत संरक्षण समूह | सीप | संख्या |
|---|---|---|---|
| १ | भकरजुङ्ग | मोबाइल रिपियरिङ्ग | २ |

| | | | |
|---|---|---|---|
| २ | भकरजुङ्ग | जुनियर प्लम्बर | १ |
| ३ | भकरजुङ्ग | इलेक्ट्रिसियन | १ |
| ५ | रानी | भेटेरिनरी | १ |
| ६ | तारेपहरो डम्ठि | भेटेरिनरी | १ |
| ७ | तारेपहरो डम्ठि | इलेक्ट्रिसियन | ३ |
| ८ | तारेपहरो डम्ठि | जुनियर प्लम्बर | २ |
| ९ | तारेपहरो डम्ठि | सिकर्मी | १ |
| १० | तारेपहरो डम्ठि | मोबाइल रिपियरिङ्ग | ३ |
| ११ | तारेपहरो डम्ठि | पाक शिक्षा | १ |
| १२ | तारेपहरो डम्ठि | ड्राइभिङ्ग | २ |
| १३ | वनपाले | जुनियर प्लम्बर | १ |
| १४ | छरछहरे सुर्केखोला भिरगौडी | इलेक्ट्रिसियन | १ |
| १५ | छरछहरे सुर्केखोला भिरगौडी | मोबाइल रिपियरिङ्ग | १ |
| १६ | लोसेपाखा | सिकर्मी | १ |
| १७ | लोसेपाखा | इलेक्ट्रिसियन | १ |
| १८ | लोसेपाखा | जुनियर प्लम्बर | १ |
| १९ | लोसेपाखा | मोबाइल रिपियरिङ्ग | १ |

- आयआर्जन घम्तीकोषको विवरण

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समूहको नाम | हरियो वन कार्यक्रमको सहयोग | सहकारी |
|---|---|---|---|
| १ | ठुलो पैरो | ६३,००० | |
| २ | सल्लेरी पाखा | १,७०,००० | जनजागरण |
| ३ | वनपाले | २,१९,४५० | |
| ४ | लोसेपाखा | ५०,००० | |
| ५ | नौलो छरछरे | ५०,००० | |
| ६ | ओख्ले | २,६२,५०० | जन उत्थान |
| ७ | भकरजुङ्ग | ४,१२,५०० | दिगो महिला बिकास |
| ८ | सुर्केखोला | ३२,००० | |
| ९ | रानी | १,१४,००० | प्रभावकारी महिला बिकास |
| | जम्मा | १३,७३,४५० | |

- मझौला उद्यम (कफी, चिया, लप्सी, अलैची, तरकारी र वेसार)
- ठूला उद्यम (होमस्टे-घरबास प्रवर्धन)

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण

- समुदायिक सिकाई तथा कार्य केन्द्र गठन तथा क्षमता विकास

| क्र. सं. | सामुदायिक सिकाई र कार्य केन्दको नाम | सामुदायिक वन उपभोक्ता समूह | वडा |
|---|---|---|---|
| १ | नौलो छरछहरे | नौलो छरछहरे | २,१ |
| २ | तारेपहरो डम्ठि | तारेपहरो डम्ठि | ९ |
| ३ | अधेँरी खोला | अधेँरी खोला | ८ |
| ४ | भकरजुङ्ग | भकरजुङ्ग | ५ |
| ५ | लोसेपाखा | लोसेपाखा | ५,६ |
| ६ | छरछहरे सुर्केखोला भिरगौडी | छरछहरे सुर्केखोला भिरगौडी | १ |
| ७ | नागडाँडा सामुदायिक सिकाई र कार्य केन्द्र | नागडाँडा | २ |
| ८ | सल्लेरी पाखा सिकाई समूह | सल्लेरी पाखा सिकाई समूह | २ |
| ९ | गहतेपाखा | गहतेपाखा | ३ |
| १० | लाली गुराँस | ओख्ले | ४ |
| ११ | पैयुँपानी | पैयुँपानी | ५ |
| १२ | सल्लेरी | झारकोट सल्लेरी | २ |
| १३ | प्रगतीशील सिकाई केन्द्र | ठुलो पैरो | |

## प्राकृतिक श्रोत व्यवस्थापन समूहहरुको शुसासन सुदृढीकरण

### हरियो वन कार्यक्रम मार्फत सञ्चालन भएका कृयाकलापहरुका केही प्रमुख उपलब्धिहरु

हरियो वन कार्यक्रम लागु भएदेखि नै गाउँपालिकामा कफी उद्यम व्यवसायीकरण तथा प्रबर्धनमा निकै टेवा पुगेको छ। यस मार्फत भू(क्षयीकरणमा कमी आई जीविकोपार्जनमा सुधार आउनुका साथै रोजगारीका अवसरहरु सिर्जना भएका छन् भने फेवा तालमा माटो थिग्रिने क्रम पनि कम भएको छ। चिया खेती विस्तार कार्यक्रमले पनि भू(क्षयीकरणमा कमी ल्याई आर्थिक अवस्था सुदृढीकरण गर्ने अवसरहरु प्रदान गरेका छन्। जलवायु परिवर्तन अन्तर्गत कार्यान्वयन भएका कृयाकलापहरुले पारिस्थितिकीय सेवा भुक्तानी प्रणालीलाई सुदृढीकरण गरेका छन् जसबाट गाउँपालिकाका उपल्लो तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुले विभिन्न साना निर्माणका कार्यहरुबाट लाभ पाएका छन्। घरपालुवा जनावरका लागि सुरक्षित खोरको निर्माण गरी मानव(वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सहयोग पुगेको छ। चोरी(सिकार नियन्त्रण सञ्जाल निर्माण तथा परिचालनमा सहयोग पुग्नाले यस क्षेत्रमा चोरी(सिकार नियन्त्रणमा ठूलो योगदान पुगेको छ। स्थानीय जलवायु परिवर्तन अनुकुलन योजना निर्माण तथा कार्यान्वयनले स्थानीय स्तरमा उत्पन्न

हुनसक्ने विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्थानीय स्तरमैं विपद् व्यवस्थापन कोष स्थापना भएको छ भने पूर्वतयारीका लागि पनि आवश्यक कदमहरु चालिएका छन्। घुम्ति कोष परिचालन मार्फत दलित, जनजाति, विपन्न तथा सिमान्तकृत वर्गको कोष तथा पूँजीको पहुँचमा बृद्धि भई जीविकोपार्जन सुधारमा मद्दत पुगेको छ भने साना आयआर्जनका कार्यक्रम मार्फत उद्यम बिकासमा टेवा पुगेको छ। साना अनुदान कार्यक्रम अन्तर्गत सामुदायिक वनहरुमा

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा तथा कार्यान्वयन भएकाले स्थानीय समूहहरुमा सुशासन तथा समावेशीकरण अभ्यास भएका छन् ।

## कार्यक्रमका उपलब्धिहरु

- जैविक विविधता संरक्षण, वजारमूखी जीविकोपार्जन
  - २,३५,५०१ विभिन्न जातका विरुवा ८१.४५ हे. १० वटा सा.व.उ.सभित्रको खुल्ला तथा हैसियत विग्रेको क्षेत्रमा रोपण तथा व्यवस्थापनमा सहयोग गरी सेति जैविकमार्ग पुनरुत्थान गर्न सहयोग।
  - ६ वटा समुदायमा आधारित चोरी शिकार प्रतिरोध ईकाइको परिचालनवाट बन्यजन्तु तथा वासस्थान संरक्षणमा सहयोग
  - ३ वटा इको क्लवका माध्यमवाट विद्यलय स्तरमा संरक्षण शिक्षाको प्रमुख धरातल भएको
  - मानव वन्यजन्तु द्वन्द्वका पिडित परिवारलाई राहात वितरण सहयोग पुऱ्याएको ।
  - वन, वातावरण र जैविक विविधता संरक्षणमा पहरेदारको रुपमा भूमिका खेलेको ।
  - चोरीशिकार र वन्यजन्तुको अवैध व्यापारमा कमी आएको । सो सम्वन्धि जानकारी संवन्धीत कानुन कार्यान्वयन निकायमा सुचना उपलब्ध गराएको ।
  - समुदायमा आधारित चोरी शिकार प्रतिरोध ईकाइको परिचालनवाट बन्यजन्तु तथा वासस्थान संरक्षणमा सहयोग
  - ४ वटा सा.व.उ.सहरु कार्ययोजना नविकरण सहयोग भई ५७८ उपभोक्ता प्रत्यक्ष लाभन्वित भई १५९.४५ हेक्टर वन क्षेत्रफल संरक्षण र व्यवस्थापनमा सहयोग पुगेको ।
  - इको क्लवका माध्यमवाट विद्यलय स्तरमा संरक्षण शिक्षाको प्रमुख धरातल भएको
  - ७८४.५ टन प्रतिवर्ष दाउरा खपतमा कमी । (I ICS=0.50)
  - ३७६५.६ टन प्रतिवर्ष कार्वन उत्सर्जन गर्नबाट जोगाएको (I ICS=2.4 ton/yr)
  - २५ जना वनमा आश्रित व्यक्ति, विपन्न व्यक्तिहरुलाई सीपमूलक तालिम प्रदान जसबाट मासिक रु २०,००० देखि रु ३०,००० सम्म आम्दानी गर्न सफल ।
  - स्थानीय स्तरका योजना छनौट तथा कार्यान्वयनमा वातावरण मैत्री योजनाहरुलाई प्राथमिकता दिइएको
  - तीन सा.व.उ.सहरु (भकरजुङ, अधेरीखोला र लोत्सेपाखा) १०३ वटा सुरक्षित खोर निर्माणवाट करिव ४०० पशुचौपाय चितुवा आताङ्कवाट जोगिएको ।
  - उक्त सुरक्षित खोर निर्माणबाट वार्षिक रु १,७७,००० मूल्य वरावरको पशु क्षेति न्यूनिकरण भएको र हाल निर्माण पश्चात कुनैपनि चितुवा आक्रमणको घटना पेश नभएको ।

१. साना उद्यम (आयआर्जन घुम्ती कोष र सीपमूलक तालिम)

- रु १३,७३,४५० बीउ पूँजी वरावरको घुम्ति कोष ९ वटा सा.व.उ.सहरुमा परिचालन मार्फत दलित, जनजाति, विपन्न तथा सिमान्तकृत वर्गको पहुँचमा वृद्धि
- साना आयआर्जनका कार्यक्रम मार्फत उद्यम बिकासमा टेवा पुगेको
- २५ जना वनमा आश्रित व्यक्तिहरुलाई विभिन्न सिपमूलक तालिम प्रदान (ईलेक्टीसियन-६, सिकर्मी-२, भेटनरी-१, कुकिङ्-१, ड्राईभिङ-२, प्लम्वर-५, मोवाईल रिपेरिङ्-७ र वेमौसमी तरकारी खेति-१) जसबाट मासिक २०,००० देखि ३०,००० आम्दानी गर्न सफल

२. मझौला उद्यम (कफी, चिया, लप्सी, अलैची, तरकारी र वेसार)

१.१ कफी उद्यम व्यवसायिकरण र प्रवर्धन

- समुदायमा आधारित नमूना हरित उद्यम स्थापना भएको ।
- छरछरे सुर्केखोला भिरगौडी गौडामूनि सामुदायिक वनका १६१ घरधूरीद्धारा विगत तीन वर्षभित्र ५५,८०६ वटा कफिका विरुवा ३१.८२ हेक्टर नीजि जमिनमा रोपण गरिएको ।
- हालसम्म ९६ घरधुरीले वार्षिक १९८५ कफि पार्चमेण्ट विक्रीवाट रु ११,११,६०० आम्दानी गरिएको ।
- ६,००० छहारी जातका विरुवा जस्तै एभोकाडो, म्याकाडेमिया नट, कागती, आँप र अम्बा रोपण गरिएको जसको वृद्धिदर एकदम राम्रो भएको र कफि विरुवाको वृद्धिदरलाई सहयोग पुर्‍याएको ।
- १५ घनमिटरको ८ वटा कफि सिँचाई पोखरी निर्माण गरी ५५,८०६ कफिका विरुवालाई हिउँदमा सिँचाईका लागि सहयोग पुगेको ।
- १५ वटा भर्‍याङ् र २५० चेरी टिप्ने झोला वितरणवाट कृषकलाई कफि टिप्न सहज भई मूल्य राम्रो पाएको ।
- १ वटा कफि प्रशोधन केन्द्र निर्माण र प्रशोधन सामाग्रि खरिद सहयोगबाट माछापुच्छ्रे उत्तम कफि उत्पादक सहकारी लिमिटेडको संस्थागत विकासमा सहयोग भई कफि उत्पादनमा विविधिकरण गरी कृषकलाई राम्रो मुनाफा दिलाउन सफल भएको ।
- ३८ जना महिला उद्यमी विकासमा सहयोग पुगेको ।

२.२ चिया उद्यम व्यवसायिकरण र प्रवर्धन

- ३७,५०० चियाका विरुवा ३.५ हेक्टर नीजि जमिनमा ३० घरधुरीद्धारा रोपण र सो क्षेत्रवाट माटो फेवातालमा वगाउनवाट कमी आएको ।
- १ वटा चिया प्रशोधन केन्द्र निर्माण र फर्निचर सहयोगबाट हर्पनवारी चिया उत्पादक सहकारी लिमिटेडको संस्थागत विकासमा सहयोग
- हातेचिया निर्माण तालिमवाट २० जना चिया कृषकको क्षमता विकास भई हाल वार्षिक रु २५,७०० आम्दनी लिन सफल ।

२.३ लप्सी उद्यम व्यवसायिकरण र प्रवर्धन

- लप्सी उद्यम विकास तालिम प्रदान
- लप्सी उद्यम लाई कच्चा पदार्थ सुनिस्चित गराउन १६०० ग्राफ्टिङ लप्सी रोपण सहयोग
- सा.व. भवन निर्माण मा सहयोग (भुई ढलान)
- विभिन्न उपकरण तथा फर्निचर सहयोग

२.२ अलैची उद्यम व्यवसायिकरण र प्रवर्धन

- भकरजंग सा.व र अँधेरीखोला सा.व अन्नपूर्ण वडा नं ३ मा ७२,००० अलैची वीरुवा रोपण सहयोग
- तारेपहरो डम्ठि सा.व मा १५००० अलैची वीरुवा रोपण सहयोग
- सा.व ले वार्षिक रुपमा ३०,००० अलैची विक्रि बाट आम्दानी गर्ने गरेको

२.५ तरकारी उद्यम व्यवसायिकरण र प्रवर्धन, भकरजुङ सा.व.उ.स

- भकरजंग सा.व २५ घरधुरले तरकारी उद्यम गरी हालसम्म रु १७,७५,००० कूल आम्दानी गर्न सफल।

२.६ वेसार उद्यम व्यवसायिकरण र प्रवर्धन, तारेपहरो डम्ठी, सा.व.उ.स

- तारेपहरो डम्ठी सा.व, अन्नपुर्ण २ मा स्थापना भएको वेसार उद्यमलाई आवश्यक मेसिन तथा औजारहरु सहयोग
- वार्षिक ५,००,००० वरावरको वेसार विक्रि वितरण भई ६० भन्दा वढी किसानहरु लाभान्वित भएको

३. ठूला उद्यम (होमस्टे-घरबास प्रवर्धन)

३.१ पर्यपर्यटन विकास, भदौरे

- नौलो छरछरे र रानीवन सा.व.उ.सका २४ घरधुरी होमस्टे संचालनवाट प्रत्यक्ष लाभान्वित भएको
- वार्षिक आम्दानी रु ६,००,०० आर्जन गर्न सफल भएको ।
- १४०० मिटर पदमार्ग निर्माणवाट पर्यटकलाई आजतजावतमा सहज भएको ।
- २ वटा पोखरी (आमापोखरी र घण्टीपोखरी) २० मिटर लम्वाई र १० मिटर चौडाई क्षेत्रफल भएको पोखरी निर्माणवाट वर्षातको पानी संकलन र जमिन सिचित एवं पर्यटकीय स्थल वन्न सफल भएको ।
- होमस्टे व्यवस्थापन र पाकशिक्षा तालिमबाट २४ घरधूरीलाई व्यवस्थापकीय पक्ष र  स्थानीय खाना, नास्त विविधिकरण गर्ने क्षमता विकास भएको ।

- जलवायू परिवर्तन अनुकुलन
  - जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका कार्यहरु अन्तरसम्बन्धित बिषय भएकाले यि दुबै पक्ष समेत समेटेर उत्थानशिल योजना तर्जूमा, मूलप्रबाहिकरण तथा कार्यान्वयन गर्दा प्रभावकारी हुने । स्थानीय सरकारको अपनत्व विकास हुनसके यस्ता योजनाहरुको प्रभावकारीता बढने ।
  - सहभागीतामूलक तरीकाले योजना बनाएको हुनाले वार्षिक कार्ययोजनामा मूलप्रवाहीकरण सहज हुने गरेको ।
  - जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना बृद्धि तथा क्षमता बिकास
  - ५ वटा समुदाय स्तरका अनुकूलन योजना र ४ वटा साविक गाबिस (दाङसिङ, घान्द्रुक, सल्यान, लुम्ले) स्तरका स्थानीय अनुकूलन योजना तयारी, मूलप्रबाहिकरण तथा कार्यान्वयन
  - अन्नपूर्ण गाउँपालिका स्तरमा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण सचेतीकरण तथा   मूलप्रबाहिकरण
  - बिभिन्न स्तरका अनुकूलन योजनाको कार्यान्वयनबाट समुदाय स्तरमा सफा खानेपानीको उपलब्धता, पहिरो नियन्त्रण, बर्षातको पानी संकलन, सिंचाई , पोखरी संरक्षण तथा मर्मत

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
  - महिलाहरुको सिप, ज्ञान, क्षेमतामा र आत्मवलमा वृद्धि भएको
  - समुहमा महिलाहरुको सहभागीतामा ४०देखी ४५ प्रतिशतमा वृद्धि
- प्राकृतिक श्रोत व्यवस्थापन समूहहरुको शुसासन सुदृढीकरण

- सुशासन सुदृढिकरणका कार्यक्रम मार्फत वन विकास मार्गदर्शन २०६५ ले प्रावधान गरेका कुराहरु लागु गर्न सफल
- प्राकृतिक स्रोत व्यवस्थापन समूहमा सुशासनका लागि बिभिन्न समयमा बिभिन्न औजार तथा बिधिहरुको अभ्यास गर्नुभन्दा समग्र सुशासनका लागि निश्चित सूचकहरु तयार गरी एकिकृत संस्थागत क्षमता बिकास प्याकेज सञ्चालन गर्दा प्रभावकारी हुने । यस कार्यमा स्थानीय स्रोत व्यक्ति परिपक्क सावउस, महासंघ तथा वन कार्यालय समेतको सहभागिता तथा संलग्नता बढाउँदै परावर्तनीय मोडलबाट क्षमता बिकास गर्दा उपयुक्त हुने ।

## सिकाई

हरियो वन कार्यक्रमले अन्नपूर्ण गाउँपालिकमा सञ्चालन गरेका कृयाकलापहरुको विस्तृत योजना, कार्यक्षेत्र, कार्यशैली आदिका बारेमा सरोकारवालाहरुलाई पारदर्शी ढंगले जानकारी दिई कृयाकलापहरुको सञ्चालनमा स्थानीय सरकार तथा बासिन्दाहरुको निकै प्रभावकारी सहयोग प्राप्त भएको छ । आगामी दिनहरुमा यस प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्दा पनि स्थानीय सरकार तथा बासिन्दाहरुलाई कार्यक्रमका हरेक चरणहरुमा संलग्न गराएर मात्रै अघि बढ्नु एकदमै महत्वपूर्ण पाटो देखिएको छ । यस्ता कार्यक्रम र कृयाकलापको खाका तयार गर्दा स्थानीय स्तरमै उपलब्ध श्रोत र साधनहरुको प्रयोग तथा सुधारमा जोड दिनु पर्ने देखिन्छ । अगाडी सञ्चालनमा ल्याएका कार्यक्रम तथा परियोजनाहरूले सरोकारवालाहरु वा लाभान्वित समूहलाई पारेका प्रभावहरूका बारेमा समीक्षात्मक विश्लेषण गर्नु महत्वपूर्ण हुन्छ । कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ताहरु बिच संयुक्त सहभागितात्मक छलफल गर्ने परिपाटीले सुधार गर्नुपर्ने कुराको पहिचान, सुधार योजना, कार्यन्वयन तथा उपलब्धि प्राप्त गर्न सहज हुने देखिएको छ। वाह्य श्रोतबाट प्राप्त हुने प्राविधिक तथा आर्थिक सहयोगका साथसाथै स्थानीय समुदायहरुले एक समुदायमा भएका राम्रा अभ्यास र सिकाईहरु अर्को समुदायलाई सिकाउने र सिक्ने गर्दा संलग्न सबै पक्षलाई फाइदा पुग्ने गर्दछ । बिकास निर्माणका कार्यक्रमहरु तय गर्दा दोहोरोपना हटाई सकेसम्म लक्षित वर्गहरुमा ती क्रियाकलापहरुले दिगो असर पार्ने गरी तय गरिनु पर्दछ । कफी उद्यमबाट उदाहरण प्राप्त भएझैं विभिन्न स-साना कृयाकलापहरुमा थोरै-थोरै बजेट बिनियोजन गरिनु भन्दा पनि धेरै लक्षित वर्गलाई फाइदा पुग्ने गरी कुनै एक कृयाकलापका लागि समस्टिगत रुपमा बजेट बिनियोजन गरिनु उद्यमको व्यवसायीकरणका लागि तथा समुदायका लागि प्रभावकारी हुन सक्छ ।

- मुख्य सिकाई
  - परिस्थितिकीय सेवा भूक्तानी प्रणालीको अवधारण वारे उपल्लो तटीय र तल्लो तटीय समूदायलाई संयूक्त रुपमा सचेतना गरी पारिस्थितिकीय सेवाहरुको प्रवाहा नियमित गर्नसके फेवा जलाधार क्षेत्रमा सफल परिक्षण हुने ।
  - समुदायमा आधारित चोरी शिकार नियन्त्रण ईकाइ सम्वन्धित सा.व.उ.सको उप-समितिको रुपमा गठन तथा नियमित परिचालनले समुदाय स्तरमा वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण संवन्धि सचेतना वृद्धि हुनुको साथै मानव वन्यजन्तु द्वन्द्धका पिडितहरुलाई सहज रुपमा राहात उपलव्ध गराउन सफल भएको ।
  - वनमा आश्रित व्यक्ति, विपन्न व्यक्तिहरुलाई सीपमूलक तालिम प्रदान गर्दा स्थानीय स्तरमा वजारमूखि जीविकोपार्जनका क्रियाकलाप संचालन गरी राम्रो मुनाफा आर्जन गर्न सफल भई संरक्षणप्रतिको सोचमा परिवर्तन भएको ।
  - कफी, लप्सी, अलैची र चिया जस्ता सफल मझौला हरित उद्यमको विकासले सामुदायिक वनको हैसियत साथै स्थानीय समुदायको आयआर्जनमा वृद्धि भई जैविक विविधता संरक्षणका लागि अपनत्व ग्रहण गर्ने

- कार्यक्रमहरुको प्रभावकारीताको लागी क्रमवद्ध, एकीकृत र परिपुरकको रुपमा सञ्चालन आवश्यक
- हरेक कार्यकममा स्थानीय सरकार र सम्बन्धीत सरोकारवालाहरुको संलग्नता बढाए कार्यकमको गुणात्मक तथा गुणस्तर साथै कार्यक्रम दिगोपन सघाउ पुग्ने ।
- स्थानीय सरकार र सम्बन्धीत सरोकारवालाहरुको संलग्नतामा नियमीत रुपमा अनुगमन र मूल्याङ्कन गरीनुपर्ने
- कार्यक्रमको प्रचार प्रसारले थप प्रभावकारीता बढाउने
- क्रियाकलाप कार्यन्वयनमा लचकता र अनुकुलन क्षमता कठिन परिस्थितिमा अत्यन्त महत्वपुर्ण हुने ।
- कार्यक्रमको उदेश्य समुदायस्तरमा रुपान्तरण गर्नसामाजिक परिचालकहरुको भूमिका महत्वपूर्ण
- गरिव, संकटासन्न, विपन्न, महिला र वहिष्करणमा परेका समुहहरुको पहुँच, सुचनाको संचार, सोचाई र सहभागिता अभिवृद्धि गर्दा ति समूहको नेर्तत्व क्षमता विकास हुने र जसवाट प्राकृतिक स्रोतमाथिको लाभ न्यायोचित वितरणमा सघाउ पुग्ने ।

## समुदायमा कार्यक्रमको दिगोपना

हरियो वन कायक्रमले सञ्चालन गरेका कृयाकलापहरु स्थानीय स्तरमै माग भई आएका तथा टड्कारो रुपमा सामाजिक तथा पर्यावरणीय बिकासमा वाधा पुर्याउने समस्याका समाधानका कार्यक्रमहरु भएकाले आगामी दिनहरुमा पनि यी कार्यक्रमहरुले निरन्तरता पाउन एकदमै जरुरी भएको महसुस भएको छ । आवधिक योजनाहरूमा लक्षित सामाजिक वृद्धि हासिल गर्न स्रोत तथा साधनमा समान पहुँच, रोजगारीका अवसरहरूको सिर्जना, पर्यावरण संरक्षण, सुशासनको अभिवृद्धिजस्ता संरचनागत आवश्यकताहरुलाई यी कार्यक्रमहरुको निरन्तरताले उचित रूपमा सम्बोधन गर्ने भएकाले गाउँपालिकाले हरियो वन कार्यक्रमद्वारा सञ्चालन गरिएका कृयाकलापहरुलाई थप परिष्कृत गर्दै अघि बढाउन जरुरी हुन्छ । यसका लागि अन्नपूर्ण गाउँपालिकाले स्थानीय स्रोत, साधन, सीप, ज्ञान र दक्षताको दिगो सदुपयोग हुने गरी यी कार्यक्रमहरुलाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गराई अघि बढाउनु पर्छ जसले गर्दा विकासको मूलधारमा ल्याइन बाँकी रहेका जाति, वर्ग, लिंग, क्षेत्र तथा अल्पसंख्यक, सीमान्तकृत, बञ्चित आदि सबै समुदायको सामाजिक अवसरको पहुँच विस्तारमा सहयोग पुऱ्याउने छन् । जीवनस्तरमा हुने गुणात्मक सुधारले मात्र स्थानीय बासिन्दालाई प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने र अन्ततोगत्वा पर्यावरण संरक्षण र जीवन स्तर सुधार गर्ने हुनाले हरियो वन कार्यक्रम मार्फत हाल सञ्चालन भइरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनु जरुरी हुन्छ ।

हरियो वन कार्यक्रमको समयावधी समाप्त हुनु अघि हाल सञ्चालनमा रहेका क्रियाकलापहरु तीबाट आशातीत उपलब्धिहरु हासिल हुने गरी सम्पन्न गरिनेछ । सफल देखिएका क्रियाकलापहरुलाई बिस्तार गर्नका लागि आवश्यक प्राविधिक सहयोग निरन्तर प्रदान गरिनेछ । ती क्रियाकलापहरुलाई राष्ट्रिय योजना तथा अन्य आयोजनाहरु साथै सरोकारवालाहरु र हरियो वन कार्यक्रमका साझेदार संस्थाहरुसँग सहकार्य तथा साझेदारीका लागि प्रयासहरु गरिनेछ । साथै बाँकी समयावधीमा यी कार्यक्रमहरु कार्यान्वयनका दौरान प्राप्त सिकाई तथा उपलब्धिहरुको अभिलेखिकरण पनि गरिनेछ ।

कफी, लप्सी, अलैची र चिया जस्ता सफल मझौला उद्यमका नविनतम अभ्यासहरुको अनुकरण गरी स्थानीय सरकार र स्थानीय समुदायले वढोत्तरी गर्नु पर्ने हुन्छ । समुदायमा आधारित चोरी शिकार नियन्त्रण ईकाईलाई सम्बन्धित सामुदायिक वन उपभोक्ताको उपसमितिको रुपमा कार्यविधि अनुमोदन गरी संस्थागत गर्नु पदर्छ र सो कार्यमा अन्नपूर्ण गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्दछ । अम्रिसो, कफी, चिया र अलैची जस्ता वहुवर्षिय बालीहरुलाई ब्लकस्तरमा उत्पादन गर्न प्रोत्साहन गरी भु-क्षय कम गर्ने काममा स्थानीय तह, कृषक, नीजि क्षेत्र लगायत सबै सरोकारवालाहरुको सहकार्य जरूरी हुन्छ । यी सबै सरोकारवालाहरुको सहकार्य स्थानीय उत्पादनको बजारीकरणमा पनि जरूरी हुन्छ । स्थानीय सरकारले कफी, लप्सी, अलैची र चिया जस्ता असल अभ्यासको अनुसरण गरी आफ्ना

वार्षिक नीति तथा कार्यक्रमका मूलप्रवाहीकरण गर्नु पर्दछ। जलाधार क्षेत्रमा संस्थागत संरचनाको स्थापना तथा बिकासका लागि पनि स्थानीय सरकारले पहल गर्दा थप प्रभावकारी हुन्छ। वातावरणमैत्री भौतिक पुर्वाधार बिकासका लागि पनि सम्बन्धित समुदाय र सरोकारवाला निकाय, संस्थासँगको सम्बन्ध स्थापित गर्न अन्नपूर्ण गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्दा हरियो वन कार्यक्रमको अन्त्य पछि पनि यी सफल कार्यक्रमहरुले दिगोपना पाउने देखिन्छ।

**हरियो वन कार्यक्रम**

USAID अमेरिकी जनताबाट WWF care FECOFUN NTNC

**डिस्क्लेमरः** यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो। यस सामाग्री भित्रका विषयवस्तु र सामाग्री डब्लुडब्लुएफ नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन।